अन्तरराष्ट्रिय

**अमेरिका फेरिदै छ ?!**

'आर यू फायरर्ड अप!' अर्थात 'तयार हुनुहुन्छ?' यो प्रश्नको चर्को आवाजका साथ सहभागीहरुले जवाफ फर्काए- 'हामी तयार छौ राष्ट्रपति महोदय!' यसरी सकियो सेप्टेम्बर १५ मा अमेरिकी राष्ट्रपति बाराक ओबामाको सम्बोधन । झण्डै आधा घण्टा लामो धाराबाहिक भाषणमा बाराक ओबामाले कुनै घिसेपिटे नारा दोहराएनन् । आफ्नो सन्देश स्पष्ट रुपमा श्रमिकहरुलाई दिए ।

पटक पटक उठ्दै ताली बजाउने र चिच्याउने अमेरिकी मजदुर नेताहरुले त्यो अभिनय गरेका थिएनन्, भित्री मनबाटै प्रभावित भएर आफ्नो राष्ट्रपतिको भनाइलाई 'उठेर सम्मान' दिएका थिए । कतिपटक त 'किन उठिरहनु' भन्ने निष्कर्षमा पुगेका म र एनटियूसीआई अध्यक्ष लक्ष्मण बस्नेत पनि उठेर ताली ठोक्न विवस भयौं ।

अमेरिकाको लागि यो एउटा आसाको सन्देश हो, मलाई यस्तो लाग्छ । अमेरिकी श्रमिकहरुमा अफ्रो-अमेरिकन यी तन्नेरी राष्ट्रपतिप्रति साँच्चिकै आसा भरोसा रहेको देखिन्छ । उनीहरुको विषय पनि लम्बा चौडा थिएन । सबै श्रमिकलाई संगठित गर्न 'इम्प्लवाई फ्रि च्वाइस एक्ट', सबैलाई स्वास्थ्य सुविधा दिन 'हेल्थ केयर फ्यासिलिटी' र बिग्रदो अर्थतन्त्रलाई ठाउँमा ल्याएर 'सबैलाई काम!'

"यी चिज हामीलाई अर्को वर्ष वा कुनै सुदूर भविष्यमा हैन आजै चाहियो ।" राष्ट्रपतिले बोलिरहँदा उनीहरुले दुबैतिर छापिएका यिनै नाराहरु पटक-पटक देखाए । राष्ट्रपतिले पनि बिना दायाँ-बायाँ ती विषयहरुमा समर्थन जनाए ।

"गुणयुक्त र धान्न सकिने स्वास्थ्य बीमा ! विश्व स्तरको शिक्षा !! राम्रो आय हुने असल काम जसलाई आउट सोर्स गर्न नपरोस् !!! बलियो ट्रेड यूनियन आन्दोलन यसैको माध्यमबाट हामी हाम्रा कठोर परिश्रमी श्रमिक परिवारलाई उठाउन सक्छौं । यसैको माध्यमबाट हामी हाम्रो मध्यम वर्गलाई उठाउन सक्छौं ।"

अमेरिकीहरु कामदार-समूहलाई "मध्यम वर्ग" भन्न रुचाउँदा रहेछन् । एउटा अन्तरक्रिया कार्यक्रममा मैले वक्तालाई सोधें- अमेरिकाको मध्यम वर्ग को हो? श्रमिक वर्ग को हो ? सहभागीहरु सबैले 'राम्रो प्रश्न गरिस्" भने । किन? मैले शुरुमा बुझिन । तर पछि थाहा पाएँ अहिलेको बहस नै यही रहेछ । अमेरिकीहरु भन्दा रहेछन्- "कुन रङ्ग, कुन जात वा कुन देशबाट तिमी आएको भन्ने प्रश्न महत्वपूर्ण होइन । तिमी कता छौ- काम गर्ने तिर कि काम लगाउने तिर यो प्रमुख हो ।" उनीहरु सबै काम गर्नेहरुलाई 'मिडल क्लास' अर्थात 'मध्यम वर्ग' को दर्जा दिँदा रहेछन् ।

"सिमित कार्यकारी प्रमुखहरुले सयौं हजारौं श्रमिकको तलव बराबर एक्लै हसुर्न पाइदैन!" यस्तै नारा अमेरिकीहरुले लगाए । त्यसैले त राष्ट्रपति महोदयले भने- "जब श्रमिकहरु सफल हुन्छन्, त्यसपछि मात्र मध्यम वर्ग सफल हुन्छ । जब हाम्रो मध्यम वर्ग सफल हुन्छ, त्यसपछि मात्र अमेरिका सफल हुन्छ ।"

"के हरेक अमेरिकीलाई एउटा सिनेटरले पाए सरह स्वास्थ्य सुविधा पाउने हक छैन?" उनले प्रश्न गरे ।

मलाई पनि यस्तो लाग्यो- अब अमेरिकी समाज एक तह माथि उठेछ । दैनिक ३/४ डलर आय हुने गरीब पनि अमेरिकामा छन् । तर अमेरिकीहरु बहुसंख्यामा रहेका मध्यम वर्गमा त्यसलाई मिसाएर दौड्ने धुनमा रहेछन् ।

हालै चुनाव जितेका जापानी सांसदलाई भेट्दा उनले भने- "हामीले जापानमा क्रान्ति गर्‍यौं! हाम्रा नाराहरु मध्ये एक थियो- हेर कुनै दिन हाम्रै उपनिवेश रहेको चीनले हामीलाई उछिन्यो!!" बाराक ओवामाले पनि त्यस्तै एउटा प्रसङ्ग छेडे- "अब हाम्रा वस्तुहरु 'मेड इन अमेरिका' हुनेछ । यसरी नयाँ काम सिर्जना गरिने छ ।"

यो एउटा नागरिकलाई राष्ट्र सम्झेर गर्व गर्ने विषय हो । मलाई लाग्यो अमेरिका परिवर्तन हुँदैछ । त्यहाँ आसा जागेको छ । हिजोको अमेरिकी भन्ना साथ मनमा आउने विम्व-'सेता र धनीहरुको देश' आज अप्रसाङ्गिक

हुन थालेको छ । अहिले अमेरिकीहरु आफूले अङ्ग्रेजी बाहेक 'अरबिक, फ्रेन्च, स्पानिस, चाइनिज...' भाषा बोल्न नजानेकोमा दु:खित हुन थालेका रहेछन् ।

यति हुँदाहुँदै अमेरिकीहरु त्यत्तिकै यथास्थितिवादी पनि छँदै छन् । हामी विश्वको यूनियन आन्दोलनको कुरा गर्छौं । ऐक्यबद्धताको कुरा गर्छौं । तर उनीहरुका लागि सारा विश्व भनेकै अमेरिका हो । अमेरिका बाहेक पनि कुनै अर्को दुनियाँ छ र?! मेरा यी अनुभूतिहरु अमेरिकी ट्रेड यूनियन महासंघ (एएफएल-सिआईओ)को गत वर्ष सेप्टेम्बरमा पिट्सवर्गमा भएको २६औं अधिवेशनमा भाग लिँदाको हो । आउनोस् साथीहरु, आज हामी त्यही यूनियनको बारेमा सङ्क्षिप्त जानकारी लिऔं ।

**ए एफ एल- सि आइ ओः सङ्क्षेपमा**

**अमेरिकी ट्रेड यूनियन महासंघ-** अमेरिकन फेडेरेशन अफ लेवोर एण्ड कङ्ग्रेस अफ इण्डष्ट्रियल अर्गनाइजेशन (एएफएल- सिआइओ) अमेरिकाको ५७ वटा राष्ट्रिय संघहरुको महासंघ हो । सन् १९५५ मा अमेरिकन फेडेरेशन अफ लेवोर (ए एफ एल) र कङ्ग्रेस अफ इण्डष्ट्रियल अर्गनाइजेशन (सि आइ ओ) बीचको एकीकरणबाट यसको निर्माण भएको हो । अमेरिकामा यूनियनहरुमा संगठित श्रमिकहरुको सङ्ख्या १ करोड ५४ लाख भन्दा बढी छ । त्यसमध्ये १ करोड १५ लाख सदस्य यो महासंघमा आबद्ध छन् । यो सँग आबद्ध "वर्किङ्ग अमेरिका" नामले चिनिने सामुदायिक संस्थामा मात्रै ३० लाख सदस्य संगठित छन् । यसमा शिक्षक र खानी मजदुर, दमकलमा काम गर्ने देखि खेतीमा काम गर्ने श्रमिक, बेकरीमा काम गर्नेदेखि इन्जिनियर, पाइलट र सरकारी कर्मचारी, डाक्टर र नर्सहरु, पेन्टर-प्लम्बर सहित सबै खाले श्रमजीवीहरु आबद्ध छन् ।

**नेतृत्व**: महासंघको कार्यकारी परिषदमा ५५ जना उपाध्यक्षका अतिरिक्त ३ जना प्रमुख पदाधिकारीहरु- अध्यक्ष, कोषाध्यक्ष-सचिव र कार्यकारी उपाध्यक्ष रहन्छन् । गत वर्षको सेप्टेम्वर १६ मा सम्पन्न २६ औं महाधिवेशनले रिचार्ड ट्रम्का; लिज सुलर र आर्लिन हल्ट व्याकरलाई क्रमश: अध्यक्ष, कोषाध्यक्ष-सचिव र कार्यकारी उपाध्यक्षमा चुनेको छ ।

यसमा ५१ राज्य स्तरीय महासंघहरु छन्, जसको नेतृत्व स्थानीय यूनियन प्रतिनिधिद्वारा निर्वाचित पदाधिकारी र वोर्डले गर्छ । स्थानीय तहको नेतृत्व महासंघले अधिकार प्रत्यायोजन गरेको केन्द्रीय श्रम परिषद ( सेन्ट्रल लेवोर काउन्सील) ले गर्छ, जसको संख्या ५०० भन्दा बढी छ ।

**राजनीति**: अमेरिकामा कामको प्रकृति फेरिइरहेको छ । रोजगारदाताहरु स्वास्थ्य बीमा, पेन्सन, उपयुक्त कार्यसमय र कामको सुरक्षा जस्ता पहिलेदेखि वहन गर्दै आएको दायित्वबाट निरन्तर पन्छिंदै छन् । अमेरिकामा पनि "श्रम कटौती, पार्ट टाइम तथा करारमा श्रम" जस्ता श्रम लचकताका विधि मार्फत श्रमिकको काम तथा आम्दानीलाई असुरक्षित बनाइदै छ । अमेरिकी श्रमिक भन्छन्- रोजगारदाताहरु अमेरिकालाई १०० वर्ष पछाडि फर्काउन खोज्दै छन्- जहाँ आजको अल्पविकसित देशको जस्तै कम ज्यालामा हप्तामा ७० घण्टा भन्दा बढी काम गर्नु पर्थ्यो ।

अमेरिकामा चुनावमा भोट हाल्न चाहने व्यक्तिले आफ्नो नाम आफैले मतदाताको सूचीमा दर्ता गराउन पर्छ । ए एफ एल-सि आइ ओ ले धेरै भन्दा धेरै आफ्ना सदस्यलाई मतदाता सूचीमा आफ्नो नाम दर्ता गराउन उत्प्रेरित गर्छ । "यो पटकको चुनावमा श्रमिकको माग के हुन सक्छ" भन्दै यसले चुनावको समयमा श्रमिक परिवारको चासोलाई समेत ध्यानमा राखी विषयवस्तु तयार गर्छ । जुन जुन तहका उम्मेदवारहरुले यूनियनका विषयमा साथ दिन तयार हुन्छन्, यसैको आधारमा ए एफ एल-सि आई ओ को केन्द्र, राष्ट्रिय यूनियनहरु, श्रम परिषदहरु र राज्य स्तरीय संघहरुले ती उम्मेदवारहरुलाई सार्वजनिक रुपमा समर्थन गर्छन् । ति उम्मेदवारलाई समर्थन गर्नाको कारण यूनियनका सदस्य र तिनका परिवारहरुलाई बताउँछन् । आफूले समर्थन गरेका उम्मेदवारहरुले किन श्रमवजीवी परिवारको पक्षमा काम गर्लान् भन्ने व्याख्या गरे तापनि चुनावमा यसैलाई भोट

हाल भनेर सदस्यहरुलाई चाँहि भन्दैनन् । यो विषय उनीहरु सदस्यको व्यक्तिगत अधिकार हो भन्दछन् । महासंघबाट राजनीतिक रुपमा अघि बढ्न चाहने सदस्यहरुलाई प्रशिक्षण समेत दिइन्छ ।

**लक्ष र उद्देश्य**

- श्रमिकलाई यूनियनमा संगठित गरेर हामी अमेरिकमा श्रमिकहरुको विशाल आन्दोलन सिर्जना गर्छौं;
- हामी हाम्रो देशमा श्रमिक पक्षीय बलियो राजनीतिक शक्ति निर्माण गर्छौं;
- परिवर्तित अर्थतन्त्र सुहाँउदो श्रमिकका आवाज प्रतिविम्वित गर्न सक्ने गरि हामी हाम्रो यूनियनलाई परिवर्तन गर्छौं;
- समुदायमा नयाँ संरचना विकास गरी हामी हाम्रो श्रम आन्दोलनलाई रुपान्तरित गर्छौं ।

ए एफ एल- सि आइ ओ ले यी आफ्ना उद्देश्यलाई लागू गर्न "श्रमजीवी परिवारको जीवनमा सुधार ल्याउने; कार्यथलोमा आर्थिक न्याय बहाली गर्ने र राष्ट्रिय रुपमा सामाजिक न्याय स्थापित गर्ने" लक्ष तय गरेको छ । अहिले अमेरिकीहरु "अमेरिकी सपना" पूरा गर्ने अभियानमा छन् । उनीहरुको "सपना"को सार भनेको श्रमजीवी अमेरिकीलाई "मध्यम वर्ग" मा उकास्नु हो ।

तर अहिले अमेरिकी जनता अमेरिकी इतिहासकै सबैभन्दा तनावपूर्ण अवस्थामा छन् । उनीहरुको पारिश्रमिक घटिरहेको छ । स्वास्थ सेवा महँगो हुदैछ र पेन्सन हराउँदै छ । यो पुस्ताका जनताहरु पहिलो पटक आफ्ना सन्तानको जीवन आफ्नो भन्दा पनि खराव हुने आशंकामा छन् ।

यस्तो अवस्थामा एउटा श्रमिक कसरी मध्यम वर्गमा उक्लिन सकला त? ए एफ एल- सि आइ ओ का अनुसार अमेरिकी श्रमजीवी जनताका लागि 'यूनियन नै मध्यम वर्गमा उक्लिने उपयुक्त माध्यम' हो । तथ्यले भन्छ- अमेरिकामा असंगठित श्रमिकभन्दा यूनियनका सदस्यले ३०% बढी कमाउँछन् । अर्थात, उनीहरुको आम्दानी असंगठित श्रमिकको भन्दा हप्तामा २०० डलर वा वर्षको १०,००० डलर बढी हुन्छ । आधा भन्दा बढी यूनियनका सदस्यहरुले रोजगारदाताले उपलव्ध गराउने स्वास्थ्य बीमा र राम्रो सुविधा पाएका छन् । ६७% यूनियन सदस्यहरुले संगठित नभएका श्रमिकको तुलनामा तोकिएको पेन्सन सुविधा पाएका छन् । दह्रो यूनियन भएको ठाँउको समुदायमा श्रमिकको जीवन स्तर अन्तको भन्दा उच्च तहको छ ।

**"इम्प्लवाई फ्रि च्वाईस एक्ट" र यसमा रहेका प्रमुख प्रावधानहरु**

तर ६० लाख अमेरिकी जनता यूनियनमा आवद्ध छैनन्, तिनीहरु मौका पाए तुरुन्तै कुनै न कुनै यूनियनमा आवद्ध हुने बताउँछन् । तर व्यवसायीहरुको दवावका कारण तिनीहरुमध्ये साह्रै थोरै मात्र यूनियनमा सदस्य हुने गरेका छन् । कम्पनीहरुले योजनाबद्ध तरिकाले श्रमिकलाई धम्काउने, तर्साउने, हतोत्साहन गर्ने, र यहाँसम्म कि कामबाटै निकाल्ने सम्मका काम गर्छन् । तर यस्तो गलत कार्यबाट हालको कानूनले श्रमिकलाई जोगाउन सकेको छैन । यस्ता 'खराव आचरण' गर्ने कम्पनीमाथि हुने जरिवाना यति थोरै छ कि, व्यवसायीहरु जरिवानालाई उद्यम गर्दा लाग्ने सामान्य खर्चको रुपमा लिने गर्छन् । सरकारी निकायमा दर्ता भएका यस्ता घटनाबाट सन् २००६ मा मात्रै २६ हजार ८२४ श्रमिक पीडित भएको पाइन्छ । सरकारी निकायमा दर्ता नहुने गैरकानूनी रुपमा नै निकालिने  श्रमिकहरुको संख्या यसको १ चौथाइ छ । केही गरी श्रमिकहरुले मुद्दा जितिहालेमा पनि कम्पनीहरु सौदावाजीमा आलेटाले गर्छन् । अध्ययनले बताउँछ- नयाँ यूनियन बनाउने ४४% श्रमिकहरुले कहिले पनि संझौता गर्न सकेका छैनन् ।

यही समस्यालाई सम्बोधन गर्न अहिले ए एफ एल-सि आइ ओ ले "इम्प्लवाई फ्रि च्वाईस एक्ट" नाम गरेको कानून लागू गर्न माग गरिरहेको छ । गत वर्षको राष्ट्रपतिको निर्वाचनको समयमा र सेप्टेम्बरमा भएको २६ औं महधिवेशनमा समेत यो कानूनको निर्माण मुख्य मुद्दा बनेको थियो । यो कानून लागू हुँदा यूनियन निर्माणको विषय श्रमिकको हातमा फर्किन्छ, बहुसंख्यक सदस्यले हस्ताक्षर गरेर यूनियन निर्माण गरेपछि हालको व्यवसायीद्वारा नियन्त्रित प्रणालीको विकल्प तयार हुन्छ भन्ने अमेरिकी श्रमिकहरुको विस्वास छ । यो कानून

लागू हुँदा व्यवसायीले श्रमिकलाई व्यक्तिगत संझौतामा घिसार्न सक्दैन, यूनियनले संझौता गर्ने र आवश्यक पर्दा मध्यस्थको भूमिका निर्वाह समेत गर्न सक्ने प्रकृया शुरु हुन्छ । यो ऐनले गल्ती गर्ने कम्पनीमा उपयुक्त जरिवाना लगाउने हुँदा यूनियन र व्यवसायीलाई बराबरको तहमा खडा गरिदिन्छ भन्ने यूनियनको विश्वास रहेको छ ।

यो विधेयकको सिर्जनाकार सिनेटर इडवार्ड केनेडी, जर्ज मिलार र पिटर किङ्ग हुन् । मार्च १, २००७ मा यो विधेययक झिनो मतले अमेरिकी संसदको प्रतिनिधि सभामा पारित भएको थियो । रिपब्लिकन पार्टीका सिनेटर फिलिवस्टरले रोक्नु अघि यो विधेयकले जुन २६, २००७ मा अमेरिकी सिनेटमा बहुमत हासिल गरेको थियो । यसमा रहेका प्रमुख तीन प्रावधान यस्ता छन्-

- बहुसंख्यक श्रमिकको हस्ताक्षरबाट यदि श्रमिकले यूनियन बनाउन चाहेमा पाउने गरी अरु अवरोध हटाइने;
- यदि श्रमिकले यूनियनबाट संझौता चाहेमा त्यसको ग्यारेन्टी गर्ने;
- कानून उल्लंघन गर्ने कम्पनी माथि चर्को जरिवाना गर्ने । यस्ता जरिवाना विभिन्न प्रकारको हुन सक्छन्, जस्तै- क) नागरिक जरिवाना: यूनियन निर्माण गर्दा वा संझौताको क्रममा व्यवसायीले जानी जानी श्रमिकको अधिकार उल्लंघन गरेमा एउटा केसमा २० हजार डलरसम्मको नागरिक जरिवाना गर्ने; ख) तिन गुना रकम दिने- यूनियन निर्माण गर्दा वा संझौताको क्रममा व्यवसायीले श्रमिकको अधिकार उल्लंघन गरेमा तीन गुणा बढी हर्जाना तिराउने; ग) बाध्यकारी कानूनी आदेश: नेसनल लेबोर रिलेसन बोर्डले कानूनी प्रावधान पूरा नगर्दा संघीय अदालतको आदेशबाट यूनियनलाई निश्चित आदेश दिए झैं श्रमिकलाई हतोत्साहन गर्ने कम्पनीलाई पनि यस्तै बाध्यकारी कानूनी आदेशबाट कम्पनीको गलत काम रोक्न सक्ने ।

प्रस्तुति : विष्णु रिमाल⁄ फागुन २०६६